## Gurkha Terms And Conditions Of Service

Because of the TPA, prior to 2007 Gurkhas have always been treated as a separate group for their terms and conditions of service (TACOS). It is important to note, however, that the MOD has always seen the TPA as having a degree of flexibility. Reviews of Gurkha TACOS have reflected this from time to time and, as a result, it has been possible to make significant improvements to Gurkha TACOS, although these changes have always remained within the spirit and terms of the TPA. The result is that the arrangements under which the MOD employed Gurkhas became a unique mix of old and new arrangements, partly based on practices in both the Indian and British armies. Taken as a whole, they were different to, but not necessarily less favourable than, arrangements for British soldiers.

The British Government set out 'Terms and Conditions of Service for Gurkha Forces serving in the British Army' within the 1947 TPA (Part One Section J). Paragraph 11 of the Memorandum of Agreement dated 7 November 1947 between the United Kingdom and India states that: "the basic rates of pay admissible to Gurkha officers and soldiers serving HM Government shall approximate to those laid down in the present Indian Pay Code". However, the Memorandum of Agreement also allowed: "that a special allowance, to compensate for permanent services overseas and high cost of living, shall in addition be admissible to Gurkha officers and soldiers serving HM Government overseas." So the TPA provided a mechanism by which total pay could be substantially greater than that provided in basic pay. These "points of agreement" were expressly included in the Memorandum of 9 November 1947.

For pensions, Paragraph 7 of section IV of the 1947 Terms and Conditions document of the TPA states: "The payment of Gratuities and Pensions will be admissible to Gurkha soldiers, NCOs, WOs and King's Gurkha Commissioned Officers with reckonable service in the Indian or British Armies under the Pension Regulations for the Army in India, 1940 applicable to VCOs and IORs[1], and amended from time to time…"

In practice this meant that from 1948 to 1997 the only expectation that Gurkhas could reasonably have had was service mainly in the Far East, and retirement in Nepal; all Gurkhas knew this, and the whole of the Gurkha Pension Scheme (GPS) was designed around this. However, from 1997 onwards this began to change and more service in the UK led to different expectations, and that is why Ministers announced on 11 January 2005 a review of Gurkha TACOS. The expectation was to be discharged in the UK and so pension arrangements were changed to meet this new requirement as part of the move to normal Army TACOS from 2007.

## गोर्खा सेवाका शर्तहरु

त्रिपक्षीय सम्झौताका कारण, २००७ सालभन्दा अगाडि गोर्खाहरुलाई लागु हुने सेवा शर्तका सन्दर्भमा उनिहरुलाई एउटा छुट्टै समुहको रुपमा लिइन्थ्यो । तथापि रक्षा मन्त्रालयले सो सम्झौताभित्र केही हदसम्म लचकता भएको एउटा दस्तावेजको रुपमा हेरेको कुरा महत्वपूर्ण छ। त्यसैले उनीहरुका सेवाका शर्तहरु माथि समयानुकुल पुनरावोलोकन हुँदै ती कुराहरु माथि सुधार हुँदै आएकोछ, यध्यपि ती परिवर्तनहरु त्रिपक्षीय सम्झौताको मूल मर्मभित्र रहेर भएका छन्। पारीणामस्वरुप अहिलेका प्रावधानहरु, पुराना र नयाँ प्रावधानहरुको योगबाट बनिएका छन, जुन कुराहरु भारतीय तथा ब्रिटिश सेनामा प्रचलित नियमहरु बमोजिम भएका छन। समग्रमा भन्नु पर्दा, ती प्रावधानहरु फरक प्रकृतिका थिए तर अरु ब्रिटिश सेनाका सदस्यहरुलाई लागु हुने भन्दा ती प्रावधानहरु कम लाभदायक वा प्रतिकुल भने थिएनन।

---

[1] VCO stands for Viceroy Commissioned Officer and IOR stands for Indian Other Rank.

गोर्खा सेवाका शर्तहरुका बारेमा १९४७ को त्रिपक्षीय सम्झौताको भाग १, सेकशन जे मा उल्लेख गरिएकोछ। ७ नोवेम्बर १९४७का दिन संयुक्त अधिराज्य र भारत बिच भएको मेमोरान्डम अफ अग्रीमेन्टको प्याराग्राफ ११ ले, ब्रिटिश सेनामा सेवारत गोर्खा अधिकृत तथा जवानहरु दिइने तलबका आधारभूत दरहरु (basic rates of pay) इन्डियन पे कोडसँग बराबर हुनेछ भनेर उल्लेख गरिएकोछ। साथै उक्त प्याराग्राफले समुन्द्रपारी (overseas) मा काम गर्दा त्यहाँको जीवन्स्तरलाई मध्यनजर गर्दै बिशेष भत्ता (special allowance) को पनि ब्यवस्था गरिनेछ भनेर उल्लेख गरिएकोछ। तसर्थ, त्रिपक्षीय सम्झौताले यस्तो सम्यन्त्र बनायो जसले गर्दा तलबको कुल रकम आधारभूत तलब (basic pay) भन्दा उल्लेख्य रुपमा बढी हुन सक्ने भयो। यी बुँदाहरुलाई ९ नोवेम्बर १९९४७ को ज्ञापन-पत्र अर्थात मेमोरान्डममा जोड दिएर लेखिएकोछ।

निबृतिभरण अर्थात पेन्शनको हकमा, सो लिखतको प्याराग्राफ ७ को सेक्शन IV ले, गोर्खा सिपाही, एन सि ओ, डब्लु ओ तथा किङ्स गोर्खा कमिशन्ड अफिसर् आदिहरुलाई दिइने ग्रच्युटी (gratuity) अनि पेन्शनहरु बेला-बेलामा सम्सोधन हुने अनि अन्य भारतीय सेनाका भिसेरोए कमिशन्ड अफिसर् तथा इन्डियन अदर रान्कहरुलाई लागु हुने १०४० मा जारी भएको सेनाको पेन्शन नियमहरु बमोजिम फेर-बदल हुन सक्ने कुराको उल्लेख गरिएकोछ।

ब्यवहारिक रुपमा, यसले १९४८ देखी १९९७ सम्म फार इस्ट (Far East) मा सेवा गर्ने अनि अवकाश पश्चात नेपाल फर्कने भन्ने गोर्खाहरुको अपेक्षा थियो भन्ने जनाउँदछ। सबै गोर्खाहरुलाई यो तथ्यको जानकारी थियो र त्यही आधारमा गोर्खा पेन्शन स्किम (जी पि एस) को तर्जुमा भएको थियो। तर, १९९७ साल पश्चात यी अवस्थाहरुमा अन्तर देखा पर्‍यो अनि ब्रिगेड अफ गोर्खाज यु केमा स्थाईरुपमा सरेपश्चात गोर्खाहरु सम्बन्धी पुराना अपेक्षाहरुमा बदलाव आयो। त्यसैले २००५ सालको जनवरी ११ मा मन्त्रीहरुले गोर्खा सेवाका शर्तहरुमा पुनरावलोकन हुने कुराको घोषणा गर्नुभयो। अवकाश पश्चात युकेमै बसोबास गर्न पाउने सुबिधा अनुरुप अन्य ब्रिटिश सेनालाई लागु हुने साविक बमोजिमका सेवाका शर्तहरु अनुसार नयाँ आवश्यकताहरुलाई सम्बोधन गर्नेगरी पेन्शनसम्बन्धी प्रावधानहरुमा यथोचित परिवर्तन गरियो।